रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : ८ मिति : २०८१/०५/१६

## भाग २

# रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# शैक्षिक संस्थालाई अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधी २०८१

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८१/०५/१२

# शैक्षिक संस्थालाई अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधी, २०८१

प्रस्तावनाः राष्ट्रिय विकासका लागि रंगेली नगरपालिका अन्तर्गतका उच्च शिक्षा प्राप्त गर्ने विद्यार्थीका लागि गुणस्तरीय शिक्षाद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सिपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई घरदैलोमै सर्वसुलभ उच्च शिक्षा प्रदान गर्न यस नगरपालिकाका सामुदायिक क्याम्पस र प्राविधिक धारका विद्यालयलाई प्राथमिकतामा राखी तथा देशका अन्य स्थानमा संचालनमा रहेका प्राविधिक धारका विद्यालय/इन्सटिच्यूड/सामुदायिक क्याम्पसको शैक्षिक व्यवस्थापनमा टेवा पुर्याउन वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ एवं नेपालको संविधानको मर्म अनुरुप नगर कार्यपालिकाले यो शैक्षिक संस्थालाई अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गरी लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम क्याम्पस तथा शैक्षिक संस्थालाई अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

ख. यो कार्यविधी राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) **नगरपालिका** भन्नाले रंगेली नगरपालिकालाई सम्झनुपर्दछ ।

ख) **नगर सभा** भन्नाले रंगेली नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

घ) **कार्यपालिका** भन्नाले रंगेली नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

ङ) **प्रमुख** भन्नाले रंगेली नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च) **क्याम्पस** भन्नाले यस नगरपालिकामा रहेको जनता क्याम्पस वा देश भित्र रहेका क्याम्पसलाई सम्झनुपर्दछ ।

छ) **प्राविधिक धार** भन्नाले एसइई पछि डिप्लोमा तहमा पढाइ हुने इन्जिनियरिङ वा यस्तै प्रकृतिको प्राविधिक विषयलाई सम्झनुपर्दछ ।

ज) **क्याम्पस प्रमुख** भन्नाले क्याम्पस संचालन समितिबाट प्रशासनिक कामकाज समेत गर्ने गरि नियुक्त गरिएको उप प्राध्यापक सम्झनुपर्दछ।

झ) **प्रधानाध्यापक/संस्था प्रमुख** भन्नाले शैक्षिक संस्थामा प्रशासनिक कामकाज समेत गर्ने गरि नियुक्त गरिएको शिक्षक सम्झनुपर्दछ।

**३. अनुदानको उद्देश्य**

क) शैक्षिक संस्थाको संरचनात्मक तथा उच्च शिक्षाको शैक्षिक गुणस्तर सुधार गर्ने क्रियाकलाप संचालनमा सहयोग गर्ने ।

ख) अति विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षाको लागि प्रोत्साहित गर्नु।

ग) स्थानिय स्तर एवं देश भित्र उच्च शिक्षा प्राप्त गर्न चाहने युवाको चाहानामा सहयोग पुर्याउने ।

घ) विद्यार्थीलाई शुल्क सहुलियत गरी शिक्षामा पहुँच पुर्याउनु ।

ङ) रंगेली भित्र वा बाहिर गई विद्यार्थीले प्राविधिक धारमा उच्च शिक्षाको अवसर प्रदान गर्नु ।

**४. अनुदान दिन सकिने क्षेत्रः** नगरसभाबाट कुनै शिर्षकमा तोकेर विनियोजन वा निर्णय गरेको अवस्थामा सोही शिर्षक वा मिल्दो शीर्षकबाट अनुदान दिइनेछ ।

**५. अनुदान तथा सहायता रकम निकासा तथा कार्यान्वयन प्रकृया**

क. यस कार्यविधि बमोजिम उपलब्ध गराउने अनुदान रकम कार्यपालिका तथा सभाबाट निर्णय पारित गरी तोकिए बमोजिम हुनेछ ।

ख. अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाको संचालक समिति तथा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

ग. अनुदान रकम सम्बन्धित शैक्षिक संस्था तथा विद्यालयको छुट्टाछुट्टै खातामा निकासा दिइनेछ।सम्बन्धित शैक्षिक संस्थाले पेश गरेको खर्चको भर्पाई, प्रमाणित कागजातहरु, कार्य सम्पन्न प्रतिवेदन नगरपालिकामा बुझाउनु पर्नेछ।

घ. नगरपालिकाले प्रदान गर्ने अनुदान रकम बर्षै पिच्छे फरक हुन सक्दछ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगर क्षेत्र भित्र संचालनमा रहेका विद्यालय तथा क्याम्पसमा अध्ययन नहुने बिषयमा नगर क्षेत्र बाहिरका शैक्षिक संस्थामा अध्ययन गर्नेको हकमा जेहेन्दार, अति विपन्न, अपाङ्ग, दलित, आदिवासी, अल्पसंख्यकहरुलाई कार्यपालिकाले निर्णय गरी अन्यत्र पढ्न सिफारिस गर्नेछ।सो प्राविधिक बिषय पढ्न लाग्ने खर्च कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

**६. लेखापरीक्षण सम्बन्धी व्यवस्थाः**

शैक्षिक संस्थामा निकासा भएको रकमको लेखापरीक्षण क्याम्पसको हकमा क्याम्पस/ विश्वविद्यालयको विनियम बमोजिम तथा विद्यालयको हकमा प्रचलित आर्थिक सम्वन्धी ऐन तथा नियमावली बमोजिम हुनेछ ।

**७. अनुगमन सम्बन्धी व्यवस्था**

क. यस कार्यविधि बमोजिम निकासा भएको रकमबाट तोकिए बमोजिम कार्य भए नभएको सम्बन्धमा नगरपालिकावाट अनुगमन हुनेछ।अनुगमनको क्रममा तोकिएको सम्वन्धित शीर्षकमा खर्च नभएको पाइएमा नगरपालिकाले अनुदान कट्टी गरी भुक्तानी भएको अनुदान असुल गर्न सक्नेछ ।

ख. नगरपालिकाबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा अनुदान रकमबाट तोकिएको कार्य नभएको पाईएमा तोकिएको कार्य सम्पन्न गर्न शैक्षिक संस्थाका प्रमुख तथा विद्यालयका प्रधानाध्यापकलाई निर्देशन गर्न सक्नेछ ।

ग. अनुदान सम्बन्धी विषयमा नगरपालिकाले दिएको निर्देशन पालना गर्नु सम्बन्धित शैक्षिक संस्थाका प्रमुख तथा प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

**८. संशोधन तथा परिमार्जन**

शैक्षिक संस्थामा अनुदान रकम प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८१ लाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार नगरकार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**९. बचाउ तथा बाधा अड्काउ फुकाउः**

यो कार्यविधि नगरकार्यपालिकाबाट आर्थिक बर्ष २०८१/०८२ देखि शैक्षिक संस्था र क्याम्पसमा दिइने अनुदानको हकमा लागु हुनेछ।यसमा जुनसुकै कुरा लेखिएको भएता पनि यस अघि विद्यालयमा दिइएको अनुदान रकम समेत यसै कार्यविधी बमोजिम दिइएको मानिनेछ।कार्यविधी कार्यान्वयनको क्रममा कुनै समस्या आइपरेमा बाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ।

**आज्ञाले**

**ओमकार प्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**